आज मिति २०७५ साल श्रावण १९ गते सनिबारका दिन तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगर ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिको बैठक बसि तपशिलका प्रस्तावबहरु माथि छलफल गरि निर्णय गरियो ।

## उपस्थिति

१. श्री कर्ण बहादुर मगर - गाउँपालिका अध्याक्ष

२. श्री पदम माया तामाङ - उपाध्यक्ष, कार्यपालिका सदस्य

३. श्री गोबिन्द बहादुर राउत - कार्यपालिका सदस्य

४. श्री हेम बहादुर श्रेष्ठ - कार्यपालिका सदस्य

५. श्री लाल बहादुर स्याङतान - कार्यपालिका सदस्य

६. श्री खड्ग बहादुर भुजेल - कार्यपालिका सदस्य

७. श्री दिनेश कुमार रमौली - कार्यपालिका सदस्य

८. श्री बीर बहादुर पुलामी - कार्यपालिका सदस्य

९. श्री कोमल बहादुर खपाँङ्गी - कार्यपालिका सदस्य

१०. श्री रेखराज अधिकारी - कार्यपालिका सदस्य

११. श्री शेर बहादुर मगर - कार्यपालिका सदस्य

१२. श्री पुण्यहरी भुजेल - कार्यपालिका सदस्य

१३. श्री हितलाल श्रेष्ठ - कार्यपालिका सदस्य

१४. श्री जगदिशश्वर तोलाङ्गी - कार्यपालिका सदस्य

१५. श्री गीतामाया थापा मगर - कार्यपालिका सदस्य

१६. श्री भगवती कुमारी श्रेष्ठ - कार्यपालिका सदस्य

१७. श्री देबमाया श्रेष्ठ - कार्यपालिका सदस्य

१८ श्री दुध कुमारी ठकुरी - कार्यपालिका सदस्य

१९. श्री टेक बहादुर परियार - कार्यपालिका सदस्य

२०. श्री सुरेन्द्र प्रधान - सदस्य सचिब

२१. श्री हरि बहादुर खपाँड्गी मगर - लेखा अधिकृत

२२. श्री गोपाल प्रसाद पहाडी - ना.सु. प्रशासन

२३. श्री तारानाथ आचार्य - का.प्र.

**प्रस्तावहरु :-**

१. स्वास्थ्य, प्राबिधिक, र अन्य गाउँपालिका अन्तर्गतका करार कर्मचारीहरुको म्यादथप सम्बन्धमा ।

२.पट्के निकासी र चकमके बजार ठेक्का लगाउने सम्बन्धमा ।

३ सि.एल.सी.संचालन तथा ब्यबस्थापन सम्बन्धमा ।

४.शिक्षक पदपुर्ति सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्तुत प्रस्ताव नं.१ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको कार्यालयमा कार्यरत ना.सु मान बहादुर समाल, कार्यालय सहयोगि तारानाथ अधिकारी, र चन्द्रीका थापा, वडा कार्यलयमा कार्यरत कार्यालय सहायक खगेन्द्र कार्की र चेत बहादुर रमौली वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगिहरु स्वस्थ्य शाखामा कार्यरत अनमी तथा कार्यालय सहयोगीहरु, पशु शाखामा कार्यरत ना.प्र.से.प्रा. कृषी शाखा अन्तर्गत कार्यरत ना.प्रा.स. र तीनपाटन गाउ कार्यपालिकाको कार्यालयमा कार्यरत सूचना प्रबिधि अधिकृत संजय थापा समेतका कर्मचारीहरुको करार अवधि २०७५ साल आषाढ मसान्त सम्म मात्र भएको र कार्यालयमा स्थायी कर्मचारी नभएको हुँदा पुन : २०७५ साल पौष मसान्त सम्मका लागि ६ ( छ) महिनाको म्याद थपगरि काममा लगाउने निर्णय गरियो साथै कार्यालय सहायक कर्मचारी चेत बहादुर रमौलीको खाईपाई आएको तलब बृद्धिगरी वडा नं.५ का कार्यालय सहायक खगेन्द्र कार्की सरह पुर्याउने र कार्यालय सहयोगि तारानाथ अधिकारी को मासिक तलबमा कामको बोझलाई मध्यनजर गरि रु २,०००।- (दुई हजार) बढाई मासिक रु १२,०००।- (बाह्रहजार ) पूर्याउने र ८ नं वडा कार्यालयमा रहेको स्वास्थ्य कार्यालयमा अनमिको पद रिक्त भएकाले नियमानुसार प्रकृया पुरागरि कर्मचारी भर्नागर्ने र सोको जानकारी गाउँपालिकामा पेशगर्न सम्बन्धीत वडा कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्तुत प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ११ स्थीत रहेको चकमके हाट बजार समेत हाटे कर र गाउँपालिका भरिको पटके सवारी र निकासी कर समेत बार्षिक रु २,००,०००।- अक्षेरेपी (दुई लाख) मा ठेक्का लगाउनका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्तुत प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सामुदायीक सिकाई केन्द्र स्थापना भएका ७ सात वटा वडाका कर्मचारीहरुका लागि खाईपाई आएको मासिक पारिश्रमिक अति न्यून भएको हुँदा रु ४,०००।- थप गरि मासिक पारिश्रमिक न्यूनतम रु १०,०००।- ( दश हजार) पुर्याउने र बाँकी रहेका वडा नं. ३, ४, ८ र १० मा सामुदायीक सिकाई केन्द्र स्थापना गरि कक्षा १२ पास गरेको सम्बन्धीत वडाको बिबाहित महिला लाई आबश्यक प्रकृया पुरागरि वडा कार्यालय बाट भर्ना गरि गाउँपालिका लाई जानकारी गराउने र

उक्त कर्मचारीका लागि पारिश्रमिक सेवा सुबिधा मथि उल्लेख भए बमोजिम हुने निर्णय पास गरियो ।

**निर्णय नं. ४**

प्रस्तुत प्रस्ताब नं ४ माथि छलफल गर्दा शिक्षक पद पुर्ति सम्बन्धमा आगामी २०७५ साल श्रावण २५ गते बस्ने कार्यापालिकाको बैठकमा प्रस्ताब पेशगर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्तुत प्रस्ताब नं. ५ माथि छलफल गर्दा मिति २०७५।०३।१४ मा प्रकाशित गरेको ढुङ्गा, गिटी, बालुवा, ठेक्कामा कुनैपनि निर्माण व्यबसायी तथा कम्पनी बाट दरभाउपत्र पर्न नआएको हुँदा मिति २०७५।०४।१८ गते बसेको राजश्व परामर्श समितिको बैठक बाट भएको निर्णय बमोजिम उक्त कबोल अंकमा रु ५,००,०००।- पाच लाख घटाई रु १५,००,०००।- अक्षरेपी रु (पन्द्र लाँखमा) ठेक्का लगाउन सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्तुत प्रस्ताब नं. ६ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका क्षेत्र भित्र रहेका नदिहरु बाट ढुङ्गा, गिटी, बालुवाका लागि ठेक्का बन्दोबस्त नभएसम्मका लागी सम्पूर्ण नदिहरु बाट ढुङ्गा, गिटी, बालुवा झिक्ने काम कार्यमा रोक लगाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्तुत प्रस्ताब नं. ७ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका वडा नं. ५ स्थीत मा.बि. मझुवा दोभानको नि.मा.बी. तहमा कार्यरत स्थायी शिक्षक तथा सामुदायीक सिकाई केन्द्र मझुवा देभानका अध्यक्ष श्री कर्ण बहादुर आलेको यहि मिति २०७५ साल श्रावण १७ गतेका दिन असमायिक निधन भएकोले मृत आत्माको चिरशान्तीको कामना गर्दै सोक सन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति प्राप्तहोस भनि सोक प्रस्ताब पारित गर्ने निर्णय गरियो ।